प्रतिदिन
१६ औं
वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भनेः
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस् ।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस् ।
- श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१६ ।। अङ्क : ७९ ।। २०८१ वैशाख १५ गते शनिबार (27th Apr 2024 Saturday) **Pratidin** National Daily मूल्य–रु.५/–

मोटरसाइकल दुर्घटनामा मृत्यु हुने बुद्धशान्तिका कार्की

झापा(प्रस) । बिहीवार राति झापाको मेचीनगर नगरपालिका वडा नं.१२ स्थित देउनिया पुलमा भएको मोटरसाइकल दुर्घटनामा मृत्यु हुनेको सनाखत भएको छ । मोटरसाइकल दुर्घटनामा परी मृत्यु हुने मोटरसाइकल चालक बुद्धशान्ति गाउँपालिका २ बस्ने ४० वर्षीय ज्ञानेन्द्रराज कार्की रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । राति ८.३५ बजेको समयमा मेचीनगर नगरपालिका वडा नं.१२ देउनिया पुलस्थित लोकमार्गमा बिर्तामोडबाट चारआलीतर्फ जाँदै गरेको मे११प १६०९ नं. को मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक कार्कीको मृत्यु भएको हो । गम्भीर घाईते भई कार्कीलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड लाने क्रममा बाटोमा नै मृत्यु भएको हो । बिहीवार नै मेचीनगरमा दुईवटा मोटरसाइकल एकापसमा जुध्दा पाँचजना घाइते भएका छन् । केही दिनदेखि झापामा सवारी दुर्घटना बढेको छ । बुधवार मात्र झापामा सवारी दुर्घटनामा परी पाँच जनाले ज्यान गुमाएका थिए ।

झापा गाउँपालिकाले प्रधानाध्यापक गुप्तालाई हटायो

झापा(प्रस)। झापा गाउँपालिकाले वडा नं -४ स्थित डिल्लीराज माध्यमिक विद्यालयका प्रधानाध्यापक विरेन्द्रप्रसाद गुप्तालाई पदबाट हटाएको छ। गाउँपालिकाले गुप्तालाई पदबाट हटाउँदै निमित्त प्रधानाध्यापकमा सोही विद्यालयका सहायक प्रधानाध्यापक गोपीकृष्ण पराजुलीलाई नियुक्त गरेको छ।

प्रअ गुप्ताका विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा १६ बुँदे उजुरी परेको थियो ।जसमा २०७६/०७७ पछि गुप्ता प्रधानाध्यापक भएपछि धेरै अनियमितता भएको उल्लेख छ ।

बालविकास शिक्षकका रुपमा सो विद्यालयमै कार्यरत प्रअ गुप्ताकी पत्नी ज्योतिकुमारी गुप्ता विद्यालयमा अनुपस्थित भएको दिनमा पनि स्वयम् प्रधानाध्यापकले किर्ते हस्ताक्षर गरि हाजिरी गरेर पद दुरुपयोग गरेको ,बजार मूल्यभन्दा बढी मूल्यको बिल भौचर तयार पारी विद्यालयमा विद्यार्थी तथा शिक्षक कर्मचारीका लागि भनी खरिद गरिएका कमसल स्तरका डेक्स, बेन्च, पंखा, पोडियम, इन्टरएक्टिभ बोर्ड, प्रोजेक्टर, स्मार्टबोर्ड, सिसिटिभी क्यामेरा, टेबल, कार्पेट, सोफा, सेनिटाइजर, फिल्टर, ट्वाइलेटका सामानमा भ्रष्टाचार गरेको लगायतका १६ बुँदे उजुरी परेको हो ।

विद्यालयको भ्रष्टाचार विषयमा स्थानीय साथै सर्वदलीय दबाब बढेपछि गाउँपालिकाले गुप्तालाई पदबाट हटाएको कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले बताइन् ।

हात्तीपाइले देखिएपछि झापाका ६ जना वैदेशिक रोजगारबाट फकाईए

झापा(प्रस) । हात्तीपाइले रोग देखिएपछि झापाका ६ जनालाई वैदेशिक रोजगारबाट फकाईएको छ । वैदेशिक रोजगारीका लागि मलेसिया गएका उनीहरुमा हात्तीपाइले रोगको संक्रमण देखिएपछि नेपाल फर्काइएको हो । मेचीनगर नगरपालिकाका ३ जना ,बाह्रदशीका २ जना र कचनकवलका एकजना पुरुषलाई मलेसियाबाट फर्काइएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । झापाका अरु पालिकाका अन्य व्यक्तिहरुलाई पनि हात्तीपाइले रोगकै कारण विदेशबाट फर्काएको सुनिएपनि पुष्टि हुन बाँकी रहेको स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले बताए । यसै वर्ष उनीहरु नेपाल फर्काइएका हुन् । कोशी प्रदेशका १४ वटा जिल्लामध्ये १३ वटा जिल्ला हात्तीपाइलेको संक्रमणबाट मुक्त भइसकेकेका छन् । तर, झापा भने विगत १३ वर्षदेखि हात्तीपाइले रोगसंग लड्दै आएको छ ।

अधिकांशले औषधि सेवन नगरेका कारण झापामा सन् २०१२ देखि शुरु हात्तीपाईले रोगबिरुद्धको आम औषधि खुवाउने अभियान अझै जारी छ ।सन् २०२३ सम्ममा ६४ प्रभावित जिल्लाहरुमध्ये ५७ जिल्लाहरुमा अभियान सम्पन्न भई औषधि खुवाउने अभियान बन्द गरिएको छ भने झापा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, रसुवा र कपिलबस्तु गरी ७ जिल्लाहरुमा भने यही बैशाख १६ देखि ३० गतेसम्म आम औषधि खुवाउने अभियान संचालन हुन लागेको हो ।

हात्तीपाईले (फाईलेरिया) रोग मानिसलाई शारीरिक रुपमा अशक्त, असमर्थ तथा अपाङ्गता गराउने सरुवा रोग हो।यो एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीको संक्रमणले गर्दा हुन्छायो रोग क्युलेक्स जातको संक्रमित पोथी लामखुट्टेको टोकाईबाट सार्दछ। यस रोगका लक्षण तथा चिन्हहरु प्राय लामो समयपछि मात्र देखा पर्दछ।मानिसको शरीरमा यस रोगको परजीवी प्रबेश गरेको ८ देखि १६ महिनामा मात्र यस रोगको लक्षण देखिन्छ।शुरुका अवस्थामा ज्वरो आउने, जाडो हुने, शरीरमा कम्पन आउने, लिम्फ नलीहरु सुन्निने, रातो हुने, हात गोडामा नीला काला धर्साहरु देखिने, शरीरमा भएका गिर्खाहरुको आकार बढ्ने, दुख्ने, पुरुषको अण्डकोष वरपरका नसाहरु सुन्निने, दुख्ने, अण्डकोष सुन्निने, दुख्नेजस्ता लक्षण चिन्हहरु देखिन्छ। शुरुका अवस्थामा औषधि उपचार गरेमा यो रोग पूर्ण रुपमा निको हुन्छ।तर समयमा उपचार नपाएमा संक्रमण भएको १०-१५ वर्षमा यस रोगको दीर्घकालीन असरहरु देखिन्छ जस्तैः खुट्टा फुलेर हात्तीको जस्तो खुट्टा हुने, हात फुल्ने, पुरुषमा हाईड्रोसिल हुने, महिलाको स्तन र योनाङ्ग सुन्निने आदि। यी समस्याहरु पूर्ण रुपमा स्थायी प्रकृतिको हुन्छ अर्थात कहिल्यै निको नहुने प्रकृतिको हुन्छ र यसले मानिसलाई कुरुप, अशक्त र अपाङ्गता गराउँदछ।सबै जिल्लाबासीहरुले औषधि खाएमा यस वर्ष झापा जिल्लाको लागि यो अभियान अन्तिम बनाउने प्रयासमा रहेको जनस्वास्थ्य निरीक्षक श्रेष्ठले बताए ।

झापाका जिम्मेवार व्यक्तिले खाए हात्तीपाइलेको औषधि

झापा(प्रस) । झापामा हात्तीपाइले रोग निवारण अभियान सुरु भएको छ । स्वास्थ्य कार्यालय झापाले शुक्रबार पत्रकारहरूसँग गरेको अन्तरक्रिया कार्यक्रमपश्चात् हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने अभियानको शुभारम्भ गरेको हो ।

कोशी प्रदेश सांसद छविलाल चुडाल, जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बराल, उपप्रमुख शान्ता रोक्का, प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी मिलन केसी , सशस्त्रका एसपी कविन्द्र राई , अनुसन्धान कार्यालयका कुलप्रसाद नेपाल, प्रादेशिक अस्पताल भद्रपुरका मेडिकल सुपरिटेन्डेन्ट डा. रामबाबु खड्कालगायत सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधिहरूले ९-९ चक्की औषधि खाएर अभियानको शुभारम्भ गरेका हुन् ।

झापासहित सात जिल्लामा यही बैशाख १६ देखि ३० गतेसम्म आम औषधि खुवाउने कार्यक्रम रहेको छ । झापामा औषधि खुवाउने कार्यक्रमको शुभारम्भ गरेपनि बैशाख १६ गते जिल्लाका १५ वटा पालिकाका १३१ वटा एकै पटक अभियान सञ्चालन हुने स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटीले जानकारी दिए । झापामा गर्भवती महिला, सिकिस्त बिरामी र दुई वर्ष मुनिका बालबालिकाबाहेक साढे ९ लाख जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ । जिल्लामा अघिल्लो वर्ष ७७.६५ ले मात्र औषधि खाएका थिए । यस पटक अभियानलाई सफल बनाउन भद्रपुर, कनकाईसहित अन्य केही पालिकाहरूले हात्तीपाइले कार्ड नै जारी गरेका छन् । औषधि खाएका व्यक्तिले कार्ड लिनुपर्ने हुन्छ । कार्ड लिएर पालिकाहरूमा गए मात्र सेवा सुविधा पाउने नियम बनाएको स्वास्थ्य कार्यालयले जनाएको छ । (तस्वीरहरु पृष्ठ ३ मा)

सुन र नगदसहित सात जना पक्राउ

झापा(प्रस) । नेपाल प्रहरीले १ हजार ७६८.२५ ग्राम सुन र १ करोड ४३ लाख ६० हजार नगदसहित ७ जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

शुक्रवार पत्रकार सम्मेलन गरी उपत्यका अपराध अनुसन्धान कार्यालयले यसबारेमा जानकारी दिएको हो । पक्राउ पर्नेहरूमा दार्चुलाका वर्ष ४७ का गणेशदत्त बडू, भारतको महाराष्ट्रका ३७ वर्षीय अमल विभूती, सोही स्थानका वर्ष १८ का प्रकाश विभूती र गणेशसतिस बाल्टे रहेको डिएसपी सुरक्षा केसीले बताइन् । त्यस्तै उनले पक्राउ पर्नेहरूमा झापा बिर्तामोडका वर्ष ३० का दिनेश खरेल, सोही स्थानका वर्ष २२ का भरतराज

❖ बाँकी अन्तिम पृष्ठमा

ऋषिकेश
Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free no side effects
100% Natural
Price Rs. 1500/-

Saptashree Ayurvedic Pvt. Ltd.
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

अव तपाईहरुकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरु संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

तालिमहरु : (बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि)

क्र.स.	संचालनमा रहेका तालिमहरु	अवधि
१.	केयर गिभर (Care Giver)	३९० घण्टा
२.	सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist)	४२० घण्टा
३.	परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker)	३९० घण्टा
४.	शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant)	४९० घण्टा

अन्य थप जानकारीको लागि :-
विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१, राजगढ स्टेण्ड बाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६, ९८०६०३४४२६

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढांड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्गुनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक
एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
☎ 9817094601

सुन...

खरेल र दार्चुलाका वर्ष २१ का आयुष बडू रहेको बताइन।

उनले भनिन्, 'जिल्ला काठमाडौं कामनपा वडा नम्बर २४ दुच्छेनली टोलमा केही व्यक्तिहरूले अवैध सुनको कारोबार गरिरहेका छन् भन्ने गोप्य सूचना प्राप्त भएपछि यस कार्यालयबाट खटिएको टोलीले खोजी गर्दै जाँदा ७ जना व्यक्तिहरूलाई नगद र सुनसहित पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ। बिहीबार न्युरोडको एक हुन्डी गोदाममा छापा मार्दा उक्त सुन, रकम र संलग्नहरूलाई पक्राउ गरेको अपराध अनुसन्धान कार्यालयले जनाएको छ।

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा पठनपाठन गराइने, आफ्नै निजी भवन र खेल मैदानको प्रवन्ध भएको यस नवोदय शिक्षा सदन (इन्भेन्चर किन्डर हाउस)मा कक्षा नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुलेको सबैलाई जानकारी गराउँदछौं।

कक्षा ९ मा भर्ना हुनेलाई विशेष छुटको व्यवस्था गरिएको छ।

नवोदय शिक्षा सदन
बिर्तामोड ३, झापा
फोन : ०२३-५९१३२८ / ९८१६०५३६०१

नयाँ बर्ष २०८१ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्रसरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

Admission Open

शैक्षिक सत्र २०८१ का लागि कक्षा १ देखि कक्षा ८ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं। शहरको कोलाहलबाट टाढा, शान्त वातावरणमा अनुभवी प्राध्यापकहरूबाट अध्यापन गराइने भएकाले आफ्ना नानीहरूलाई आजै भर्ना गराउनुहोला। अब केही सिट मात्र बाँकी रहेको समेत जानकारी गराउँदछौं।

ADMISSION
OPEN

HIMALI EDUCATION FOUNDATION
EDUCATION BRINGS LIGHT IN DARKNESS
Estd.:2063
Arjundhara - 6, Jhapa

Our Features:-
- Community based learning
- Suitable learning environment
- Computer lab with computer trainer
- Regular Extra Curricular activities
- Transportation Facility
- Day boarders facility
- Separate play station for pre - primary

हिमाली एजुकेशन फाउण्डेशन
अर्जुनधारा -६, झापा
फोन : ०२३-५४२८३२ /९८४२७१०८३२

नेपाल विद्युत प्राधिकरण
स्थापित २०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. १, प्रादेशिक कार्यालय, बिराटनगर
अनारमनी वितरण केन्द्र

फोन:
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समयमा विद्युत आपूर्ती अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागी अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ।

मिति: २०८१/०१/१५ **फिडरको नाम** : ११ के.भि. शनिश्चरे फिडर

स्थान: बिर्तामोड न.पा का मुक्तिचोक, महानन्द चोक हुँदै अर्जुनधारा न.पा. शनिश्चरे बजार, जयपुर, साधुटार सम्मको ११ के.भी. लाईन।

समय: बिहान ८ बजेदेखि साँझ ०५ बजेसम्म

कारण : शनिश्चरे ११ के.भि. फिडरको कन्डक्टर अपग्रेडिङ कार्य गर्नुपर्ने

उल्लेखित समयभन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ।

– नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र

साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना

परियोजनाको कार्यालय, कनकाई न.पा.-१, जामुनवाडी, झापा
e-mail:ngp.kankai@gmail.com
सूचना प्रकाशन भएको मितिः२०८१/०१/१५
सूचना लागु हुने अवधिः २०८१/०१/२२

कनकाई नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा अभियान नेपालको सहजिकरणमा कनकाई नगरपालिकामा सञ्चालित "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना" अन्तर्गत आ.व.२०८०/८१ को स्विकृत बजेट तथा कार्यक्रम अनुसार खरिद गरिने उन्नत धानको बीउ तपशिलका योग्यता पुगेका फर्म, कम्पनी वा संस्थाले तपशिलका कागजातसहित तपशिलका बालि बिशेषका लागि आवेदन पेश गर्नु हुन अनुरोध गरिएको छ.

तपशिल

- कनकाई नगरपालिका वा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजनामा सुचिकृत भएको कागजात
- निबेदन
- झुम्का ल्याबबाट ल्याप परिक्षण भएको प्रतिबेदन
- मूल बिउको स्रोत उल्लेख भएको बिलको प्रमाणित प्रतिलिपि (संस्था आफैले प्रमाणित गर्न सक्ने)
- यस अगावै Digitally Enabled Seed Management System (DESES) आवद्ध भएकाहरुको हकमा समेत सुचना प्रकाशन भएको मिति भित्र कनकाई नगरपालिका वा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजनामा सुचिकृत भई आवस्यक कागजात सहित निबेदन पेश गर्न सक्नु हुनेछ।
- आवस्यक धानको विवरण

क्र.स	नेपाल सरकारको सुचिकृत भएको धानको जात	न्युनतम मुल्य प्रति केजी
१	राम धान	
२	हर्दिनाथ ६	
३	स्वर्ण सब १	
4	लल्का बासमती	
५	सावित्री	
६	बहुगुणी १ र बहुगुणी २	
	सुचिकृत मध्ये (अन्य)	

नोटःउल्लेखित धानको बीउको दरभाउ उपलब्ध गराउँदा कनकाई नगरपालिकाको ९ वटै वडाहरुमा ढुवानी (लोड/अनलोड) गर्नुपर्नेछ । र कृषकले तत्कालिन अवस्थामा माग गरेको आधारमा बिउको आपूर्ति परिमाण थप गर्दै लगिनेछ।

खरिद समिति

तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८१/०१/१५

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

क्र.सं.	ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण	कर्जा शिर्षक	धितो सुरक्षणको विवरण
१	**शखा कार्यालयः शिवगञ्ज** **ऋणी**: प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलू तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७७/०८/१८ मा प्रा.फ.र.न. ८९७/१४७५७ अन्तर्गत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं. ०६ शिवगञ्ज भई हाल सोही स्थानमा अवस्थित, दिप फर्निसिङग सेन्टरका तर्फबाट ऐ. का प्रोपाइटर बर्ष ४३ की **रुपा देवी राजवंशी** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य विभाग, घरेलू तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७३/०५/२१ मा प्रा.फ.र.न. १६७/९३२/१२७९९ अन्तरगत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला पाचगाछी गा.वि.स.वडा नं. ८ भई हाल झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ०६ शिवगञ्ज स्थित दिप फर्निचर उद्योगका तर्फबाट ऐ. का प्रोपाइटर बर्ष ४३ को **श्री राकेश राजवंशी**	**व्यावसायिक चालुपुर्जी कर्जा र** **व्यावसायिक आवधिक कर्जा**	राकेश राजवंशीको नाममा मा.पो.का. दमकमा दर्ता कायम रहेको झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. ८ स्थित कि.नं. १७८६ र १८८३ को क्षेत्रफल क्रमशः ०–३–२, (१०४९.७८ ब.मि) (०–४–०, (१३५४.५२ ब.मि) र शिवगंज गा.वि.स. वडा नं. ३ स्थित कि.न. २९५० र २९४८को क्षेत्रफल क्रमशः०–०–१५, (२५३.९५ब.मि) र ०–०–१५ (२५३.९५ब.मि) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण		
	नाम :राकेश राजवंशी बाबु : भगत लाल राजवंशी बाजे : मदन राजवंशी ना.प्र.नं : ०४१०१०/२५१५ढझापा) जारी मिती: २०६८/०१/०७ ठेगाना : शनिश्चरे गा.बि.स. वडा नं ०६, झापास्थायी ठेगाना भई हाल शिवसताक्षी न.पा वडा नं ०५, झापा	नाम :.रुपा देवि राजवंशी बाबु : भगत लाल राजवंशी पती : राकेश राजवंशी ना.प्र.नं : ८५२४१७६५(झापा) जारी मिती: २०५९/०१/२२ ठेगाना : शिवगंज गा.बि.स.वडा नं ०६, झापा स्थायी ठेगाना भई हाल शिवसताक्षी न.पा वडा नं ०५, झापा	

क्र.सं.	ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण	कर्जा शिर्षक	धितो सुरक्षणको विवरण
२	**शखा कार्यालयः शिवगञ्ज** **ऋणी/धितोजमानीकर्ता** : नेपाल सरकार, उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय, भद्रपुर झापामा मिति २०७२/०२/१२ मा प्रा.फ.नं.घ.उ.विं. ६४२/८२७/११९२२ अन्तर्गत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. ०१ स्थित श्री किरण काष्ठ फर्निचर उद्योगको तर्फबाट ऐ. फर्म का प्रोप्राईटर हरिलाल महतोको नाती, नारायण महतोको छोरा, नागरीकता बमोजिम झापा जिल्ला, महाभरा गा.वि.स वडा नं. २ स्थाई ठेगाना भई हाल झापा जिल्ला, गौरिगन्ज गा.पा.वडा नं. १ बस्ने, मिति २०६१/१२/०५ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएको ना.प्र.नं. ५७०४३५७१ भएको वर्ष ४५ को श्री श्रवण कुमार महतो।	**व्यावसायिक आवधीक कर्जा**	श्री श्रवण कुमार महतोको नाममा भुमिसूधार तथा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. १ स्थित कि.नं. १७५९ को कुल क्षेत्रफल ०-०-१०(बि.क.धू) (अक्षरमा दश धूर) घर जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानीकर्ता :		
	नाम :मुन्नी देवी महतो बाबु : सुर्जा महतो पती :श्रवण कुमार महतो ना.प्र.नं :-०४३०३९/४०४ स्थायी ठेगाना :झापा जिल्ला महाभरागा.बि.स. वडा नं २ हालको ठेगाना :झापा जिल्लाशिवसताक्षी न.पा.वडा नं ४।		

क्र.सं.	ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण	कर्जा शिर्षक	धितो सुरक्षणको विवरण
३	**शखा कार्यालयः शिवगञ्ज** **ऋणी/धितोजमानीकर्ता** : प्राइभेट फर्म राजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य बिभाग अर्न्तगत घरेलु तथा सना उद्योग कार्यालय, भद्रपुर झापामा मिति २०७२/११/०६ मा प्रा.फ.र.नं. ५७३/८५०५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा शिवसताक्षी न.पा. वडा नं. १ स्थित श्री स्वर्ण लक्ष्मी ज्वेलर्सका तर्फबाट ऐ. फर्मका प्रोप्राईटर मानबिर लाम्गादेको नाती, बिर्ख बहादुर लाम्गादेको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल सोहि स्थानमा बस्ने, मिति २०६६/०४/०८ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएको ना.प्र.नं. ०४१०३३/९४६ भएको वर्ष ३१ को **दिपेश लाम्गादे।**	**चालुपूजी कर्जा, व्यक्तिगत ओ.डि. कर्जा** **डिमान्ड कर्जा र व्यवसायिक आवधीक कर्जा**	दिपेश लाम्गादेको नाममा भूमिसुधार तथा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंञ गा.वि.स. वडा नं. १ स्थित कि.नं. १८१५,१२१५ र १६३५ को क्षेत्रफल क्रमशः ०-१-०, ०-०-१० (९९८.९६ ब.मी. को घर समेत) र ०-०-१५ (बि.क.धु) साथै भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ५८५६,५८५५ र ५८५७ को क्षेत्रफल क्रमशः ०-२-०, ०-१-० र ०-४-१० (बि.क.धु) र भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामै दर्ता कायम रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वाड नं. ९ स्थित कि.नं. १२२ र १२६ को क्षेत्रफल क्रमशः १४७०.५५ र २३६५.५५ (ब.मि.) भएको जग्गा र सो उल्लेखित घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानीकर्ता :		
	नाम : ममता विश्वकर्मा लाम्गादे बाबु : टेक बहादुर विश्वकर्मा पति : दिपेश लाम्गादे ना.प्र.नं :- ०४-०२-७५-०१८५४ (झापा) स्थायी ठेगाना : झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ११ भई हाल झापा जिल्ला जिल्ला शिवसताक्षी न.पा.वडा नं ६ बस्ने।		

शर्तहरुः–

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

निर्वाचन शान्तिपूर्ण होस्

आज इलाम २ मा उपनिर्वाचन हुँदैछ। उपनिर्वाचन आउनुअघि इलाम बजार सुनसान छ। आज बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान हुँदैछ।

हृदयघातका कारण गएको २०८० भदौ २६ गते सुवासचन्द्र नेम्वाङको निधन भएकाले उपनिर्वाचन हुन लागेको हो। ४२ वडा रहेको निर्वाचन क्षेत्रमा ७९ मतदानस्थल छन्। यी मतदानस्थलमा १४९ मतदान केन्द्रमा मतदान गराउने तयारी आयोगले गरेको छ। जहाँ ७४५ कर्मचारी खटाइएको छ। यो निर्वाचन क्षेत्रमा इलाम नगरपालिकाको ११ वटा वडा, देउमाई नगरपालिका र माई नगरपालिकाको तीनवटा वडा पर्छन्। यसबाहेक चुलाचुली गाउँपालिका, फाकफोकथुम गाउँपालिका र माङ्सेबुङ गाउँपालिका पर्छन्। घिमिरेका अनुसार, एक लाख १५ हजार ८७९ मतदाता छन्। यी मतदातामध्ये ४२२ जना नयाँ मतदाता नयाँ हुन्।

कुल मतदातामध्ये ७० हजार मत खस्ने अनुमान प्रशासनको छ। मतदान सकिएपछि भोलि राति १० बजे नै सबै मतपेटिका सदरमुकाम पुऱ्याउने तयारी गरिएको छ। मत परिणाम पनि दुई दिनभित्र सार्वजनिक गर्ने तयारीमा आयोग र प्रशासन जुटेको छ।

तयारीअनुसार मतपेटिका संकलनका लागि ६१ वटा सवारी साधन प्रयोग हुनेछन्। मतदानका दिन जिल्लामा अत्यावश्यक सवारी साधनबाहेक अरू सबै सवारी साधन बन्द गर्ने गरी तयारी रहेको छ।

इलाम उपनिर्वाचनका लागि २५ सयभन्दा धेरै सुरक्षाकर्मी परिचालन गरिनेछ। प्रशासनले मतदानस्थलको संवेदनशीलतालाई तीन तहमा वर्गीकरण गरेको छ।

७९ निर्वाचन केन्द्रमध्ये ३९ सामान्य, २१ संवेदनशील र १९ अतिसंवेदनशील भनी छुट्याइएको छ। जसमा ८ जना नेपाल प्रहरी, संवेदनशीलमा ९ जना र अतिसंवेदनशीलमा १२ जना प्रहरी खटाउने तयारी भएको छ।

प्रशासनले सुरक्षालाई मध्यनजर गर्दै स्वतन्त्र चुनावी अभियान सफल बनाउन एक हजार ३६३ जना नेपाल प्रहरी परिचालन गरेको छ। १६० नेपाल प्रहरी भने निर्वाचन कार्यालय सुरक्षा गर्न प्रहरी परिचालन गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले ७९ मतदान केन्द्र नै संवेदनशील मानेको छ। सीमामा पर्ने भारतको दार्जिलिङमा निर्वाचनमा हुँदा त्यसको असर यता पनि परेको छ।

यसबाहेक सशस्त्र प्रहरी बलबाट ७१० जना र नेपाली सेनाबाट ४८० जना परिचालन गरिएको छ। राष्ट्रिय अनुसन्धानबाट २४ जना खटिएका छन्।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

विद्यालयको नाममा मौलिकता

• धर्मराज भट्टराई

यतिखेर मुलुकका अधिकांश संस्थागत एवं सामुदायिक विद्यालयमा नयाँ शैक्षिक सत्र सुरु भइसक्यो। नयाँ शैक्षिक क्यालेन्डरको निर्माण, विद्यार्थी भर्ना अभियानदेखि भावी योजना तथा कार्यक्रमको तर्जुमा गरी विद्यालयले नयाँ शैक्षिक सत्र सुरु गरिसके। विशेष गरी निजी तथा संस्थागत विद्यालयमा यसको चाप बढी देखिन्छ। निजी विद्यालयले विद्यार्थी तथा अभिभावकलाई आकर्षित गर्ने उद्देश्यले नयाँ नयाँ तौरतरिका अपनाइरहेका छन्। यसै क्रममा विभिन्न विद्यालयले आफ्नो विद्यालयको नाम अङ्ग्रेजी राखेर सञ्चालन गरिरहेका छन्। नियम विपरीत राखिएका यस्ता नामले मौलिक पहिचानमा धक्का पुगेको महसुस गर्दै काठमाडौँ महानगरपालिका (कामनपा) ले महानगरभित्र सञ्चालित संस्थागत विद्यालयलाई निश्चित म्यादभित्र विद्यालयको नाम नेपालीमा राख्न निर्देशन दिएको थियो।

कामनपामा पूर्वप्राथमिकदेखि कक्षा १२ सम्मका करिब ७७१ विद्यालय दर्ता रहे पनि ५१२ वटा मात्र सञ्चालनमा रहेको जनाइएको छ। तीमध्ये ३२४ वटा विद्यालयको नाम अङ्ग्रेजीमा राखिएका छन्। विदेशी विश्वविद्यालय, विदेशी भूमि, विदेशी खेलकुद क्लब, विदेशी व्यक्ति आदिको नाम राखिएका यी विद्यालयले आफूलाई अरूभन्दा बेग्लै देखाउन खोजेका छन्। विद्यालयको नाम सुन्दा कुन मुलुकको विद्यालय हो भनेर सजिलै छुट्याउनसमेत गाह्रो हुने गरी राखिएका यस्ता नामले मुलुकको पहिचानमाथि नै प्रश्नचिह्न उठाएको भन्ने आरोप छ। कामनपा आफैँमा धार्मिक एवं सांस्कृतिक पहिचान बोकेको विश्व चर्चित सहर हो। यहाँको भौगोलिक, सामाजिक एवं सांस्कृतिक विविधताले विश्वभरका पर्यटकलाई आकर्षित गर्ने क्षमता राख्छ। यस्तो विशेषता बोकेको सहरमा अवस्थिति विद्यालय नै विदेशी नाममा आफ्नो पहिचान खोज्नु आफैँमा आश्चर्यजनक देखिन्छ।

पछिल्लो समय कामनपाका विद्यालयले राखेका विदेशी नाम नियमसङ्गत राखिएका भने होइनन्। काठमाडौँ महानगरपालिका शिक्षा व्यवस्थापन नियमावली २०७४ को नियम ६९ र ७० तथा नियम ७० को उपनियम १ र २ ले विद्यालयको मौलिक नेपाली नाम राख्न र विद्यालयको चिह्न (लोगो) मा एकरूपता ल्याउनेसम्बन्धी व्यवस्था गरेको छ। यसै गरी नियम ७० को उपनियम १ मा विद्यालयको नाम राख्दा समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवीदेवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी नामकरण गर्नुपर्ने उल्लेख छ। यो नियम प्रारम्भ हुनुभन्दा अघि नै यस नियम विपरीत नामकरण भइसकेका विद्यालयको हकमा भने यो नियम जारी भएपछिको दोस्रो शैक्षिक सत्रको सुरुदेखि नै लागु हुने गरी पुनः नामकरण गर्न सकिने प्रावधान थियो तर यसलाई अहिलेसम्म विद्यालयले लागु गरेका छैनन्। यसैबिच पछिल्लो समय कामनपाले शिक्षा व्यवस्थापन नियमावली, २०७४ अनुसार विद्यालयको चिह्न (लोगो) र नाम राख्न आग्रह गर्दै सम्पर्कका लागि आग्रह गरेको थियो भने नयाँ नामको प्रस्ताव ल्याउन ३५ दिनको म्यादसमेत दिएको छ। सम्पर्कका लागि आग्रह गरेबमोजिम धेरै विद्यालय सम्पर्कमा आए पनि केही भने नआएको समाचार सुन्नमा आएको छ।

कामपाले विद्यालयको नाम परिवर्तन गरी मौलिक र मापदण्ड अनुरूप रहन गरेको आग्रहप्रति निजी विद्यालय सञ्चालकको एउटा संस्था राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (राष्ट्रिय-प्याब्सन) ले असहमति जनाएको छ। विदेशी विश्वविद्यालय तथा शिक्षण संस्थाको नाम राख्न नपाइनेमा उनीहरू सहमत भए पनि अङ्ग्रेजी शब्दबाट नाम राख्न नपाउने भन्नेमा भने विमति रहेको जनाएका छन्। अङ्ग्रेजी शब्दले राष्ट्रियतामा असर नपुऱ्याउने उनीहरूको तर्क छ। यसै गरी विद्यालयको नाम परिवर्तन हुँदा लाखौँले प्राप्त गरिसकेको प्रमाणपत्रमा परिवर्तन गर्नुपर्ने, कतिपय विद्यालय ब्रान्ड बनिसकेकाले नाम परिवर्तनले त्यसलाई असर गर्ने, यसका लागि लाखौँ रुपियाँ खर्चका साथै विभिन्न निकायमा सच्याउनुपर्ने हुँदा झन्झटिलोसमेत हुने तर्क उनीहरूले राखेका छन्। तथापि, उनीहरूका तर्कमा कुनै ठोस आधार नभएको शिक्षाविद्हरूको भनाइ छ। विश्वका विभिन्न देश तथा सहरका नाम परिवर्तन हुँदासमेत त्यहाँका बासिन्दामा खासै असर नपरेको अवस्थामा विद्यालयको नाम परिवर्तन हुँदा विद्यार्थी तथा विद्यालयमा असर पर्छ भने धारणा तर्कसङ्गत देखिँदैन। यसै गरी मुलुकको नियम कानुनको पालना तथा मौलिकताको जगेर्ना गर्ने विषयमा सानातिना झन्झटलाई देखाएर बहानाबाजी गर्नु उचित नहुने शिक्षाविद्को तर्क छ।

निजी तथा संस्थागत विद्यालयको मोह अङ्ग्रेजी नाममा मात्र सीमित देखिँदैन। आफ्नो विद्यालयको नामका पछाडि नियम विपरीत पब्लिक, नेसनल तथा इन्टरनेसनल शब्द जोडेर अरूभन्दा पृथक् देखाउन होडबाजी पनि छ। जब कि, शिक्षा नियमावली अनुसार कुनै संस्थागत विद्यालयले आफ्नो नाममा पब्लिक शब्द जोड्न चाहेमा कम्तीमा एक तिहाइ विद्यार्थी पूर्ण छात्रवृत्तिमा अध्ययनरत रहेको हुनुपर्ने छ। यस्तै कुनै संस्थागत विद्यालयले आफ्नो नाममा नेसनल शब्द जोड्न चाहेमा नेपालको कम्तीमा २५ जिल्लाका विद्यार्थी अध्ययनरत रहेको हुनुपर्ने र इन्टरनेसनल शब्द जोड्न चाहेमा कम्तीमा एक तिहाइ सङ्ख्यामा विदेशी विद्यार्थी हुनुपर्ने नियम छ। यसै गरी विद्यालयको नामको अन्त्यमा विद्यालय, स्कुल वा पाठशाला शब्द जोडिएको हुनुपर्नेसमेत उल्लेख गरिएको छ तर यो उपनियम लागु हुनुअगावै नियम विपरीतका शब्द जोडेर नामकरण भइसकेका विद्यालयको हकमा यो नियमावली जारी भएपछिको दोस्रो शैक्षिक सत्रको सुरुदेखि नै लागु हुने गरी उपर्युक्त व्यवस्था पालना गर्न वा पुनः नामकरण गर्नुपर्ने व्यवस्था नियमावलीमा छ। यसको पालनासमेत विद्यालयले गरेका छैनन्।

पछिल्लो समय मुलुकको शिक्षा क्षेत्रको विकास र विस्तारको जिम्मेवारी स्थानीय निकायको हातमा आएको छ। नेपालको संविधानको धारा (५७) को उपधारा (४), धारा (२१४) को उपधारा (२), धारा (२२१) को उपधारा (२) र धारा (२२६) को उपधारा (१) सँग सम्बन्धित स्थानीय तहको एकल अधिकारको सूचीको बुँदा नं ८ मा आधारभूत र माध्यमिक शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय तहलाई दिएको उल्लेख छ। यसैलाई आधार बनाएर कामनपाले विभिन्न कदम अगाडि बढाएको हो। पछिल्लो पटक विद्यालयको नाममा खोजिएको मौलिक पहिचानलाई सकारात्मक रूपमा हेरिएको छ। यो समस्या कामनपाभित्रका निजी विद्यालयमा मात्र सीमित छैन। मुलुकका विभिन्न स्थानमा रहेका धेरै निजी विद्यालयमा पनि रहेको छ। यो समस्याको समाधानका लागि हरेक स्थानीय निकाय जागरुक हुनुपर्ने देखिन्छ। शिक्षा क्षेत्रमा देखिएका विकृतिको अन्त्य गर्दै यसलाई सही बाटोमा डोऱ्याएर अगाडि बढाउन स्थानीय निकायको महत्वपूर्ण भूमिका हुन्छ। यसका साथै आफ्नो मौलिक पहिचानको जगेर्ना गर्नु पनि हरेक स्थानीय निकायको जिम्मेवारी हुन आउँछ।

विद्यालयलाई ज्ञानको मन्दिरका रूपमा हेर्ने गरिन्छ। विद्यार्थीले प्राप्त गर्नुपर्ने ज्ञान सबै किताबको पानामा मात्र सीमित हुँदैन। विद्यार्थीलाई मुलुकको इतिहास, धर्म, संस्कृति, राजनीतिक तथा सामाजिक परिवेशसँग परिचित गराउनु पनि विद्यालयको जिम्मेवारी हो। विद्यालयको नाम नै अङ्ग्रेजी शब्द छ वा कुनै विदेशी सहर, अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा अन्य विदेशी व्यक्तित्वको नाम जाडिएको छ भने पक्कै पनि विद्यार्थीमा सकारात्मक प्रभाव पर्दैन। उनीहरू नेपालको मौलिकता, पहिचान, सांस्कृतिक मूल्य र मान्यतासँग परिचत हुनबाट वञ्चित भएका छन्। यसै कारण उनीहरू मुलुकको माटोसँग जोडिन सकेका छैनन्। यसको गतिलो उदाहरण पछिल्लो समय बिदेसिने विद्यार्थीको लर्को हेरेर अनुमान लगाउन सकिन्छ। यसै कारण भावी पुस्तालाई देशभक्त र राष्ट्रप्रेमको भावना जगाउनसमेत विद्यालयले अनुकूल वातावरणको सिर्जना गर्नुपर्ने आवश्यकता देखिएको छ। यसै कारण निजी तथा संस्थागत विद्यालयले समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवीदेवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा जस्ता मौलिक पहिचान झल्कने नामबाट विद्यालयको नामकरण गर्नुपर्ने आवश्यकता देखिन्छ।

खाद्यान्न आयात, जनशक्ति निर्यात

• डा. वासुदेव गिरी

कुनै पनि देशको जनसंख्या भनेको त्यो देशको महत्वपूर्ण स्रोतसाधन हो। अझ युवा जनशक्ति त देश विकासका मेरुदण्ड नै मानिन्छ। युवा भनेकै जोस, जाँगर र जोखिम मोल्न सक्ने गतिशील व्यक्तिको समूह भन्ने बुझिन्छ अर्थात् यो जनशक्ति देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरण गर्ने शक्ति हो। यस्तो ऊर्जावान्, गतिशील र रूपान्तरणकारी जनशक्तिको रोजाइमा विदेश पर्न गएको छ। कतिपय युवा अध्ययनको सिलसिलामा बिदेसिएका छन् भने कतिपय रोजगारीको क्रममा। यसले के प्रस्ट पार्दछ भने अधिकांश युवा विदेशमा छन्। जो स्वदेशमा छन्, उनीहरूमध्ये अधिकांश बेरोजगार छन्। देशका लागि यो प्रमुख समस्या हो।

हरेक वर्ष पाँच लाख युवा जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन्। तीमध्ये मुस्किलले ५० हजार जतिले सरकारी, अर्धसरकारी र निजी क्षेत्रमा रोजगारी पाउँछन् भने बाँकी चार लाख ५० हजारले रोजगारीका लागि बाध्यतावश विदेश नै ताक्नुपर्ने हुन्छ। किनकि स्वरोजगार अर्थात् उद्यमशीलताका लागि पुँजी चाहियो, त्यो व्यवस्था गर्ने क्षमता अधिकांशसँग छैन। यहाँ त यस्तो सोच स्थापित हुँदै गयो कि, वैदेशिक रोजगारी नै बेरोजगारीको एक मात्र विकल्प हो। स्वदेशमा केही हुँदैन, भविष्य छैन भन्ने र परदेशी हुने सपना विद्यार्थीमा विद्यालय तहदेखि नै हुर्कंदै आएको छ।

हिजो गाउँले विकल्प दिएन युवाले सहर रोजे, आज सहरमा पनि रोजगारी पाएनन् भने जस्तो भएन अनि बिदेसिन खोजे। यो कुनै नौलो कुरा भएन, किनकि हरेक व्यक्तिको चाहना हुन्छ राम्रो गर्ने, आफू र परिवारलाई समृद्ध बनाउने, सुखी र खुसी हुने। यसैको खोजीमा कोही रहरले बिदेसिए भने कोही बाध्यताले ! वैदेशिक रोजगारीमा केही आकर्षण रहे तापनि यो क्षेत्र उत्तिकै समस्याग्रस्त छ। सम्बन्धित काममा पर्याप्त तालिम, अनुभव र शिक्षाबिना रोजगारीका लागि विदेश जाँदा युवा न्यून पारिश्रमिकमा जोखिमयुक्त (डेन्जर, डिफिकल्ट र डर्टी) काम गर्न बाध्य छन्। एक अनौपचारिक स्रोतका अनुसार विदेश जानेहरूमा ७५ प्रतिशत अदक्ष, २४ प्रतिशत अर्धदक्ष र १ प्रतिशत मात्र दक्ष कामदार छन्।

आज हरेक दिन लगभग दुई हजार युवा जेट चढेर बिदेसिने गरेका छन्, अझ यसमा बस र रेल चढेर भारत जाने र भारतीय बाटो हुँदै प्रतिबन्धित मुलुकमा जानेहरूको संख्या समावेश छैन। विश्वमै युवाको महत्व बढिरहेको परिप्रेक्ष्यमा नेपालले भने आफ्ना युवा जनशक्तिलाई देशभित्रकै विभिन्न सम्भावनायुक्त क्षेत्रमा अझै पनि परिचालन गर्न सकिरहेको छैन। नेपालको संविधानले परिकल्पना गरे अनुसार युवालाई राज्यले प्राथमिकतामा राखेको उद्घोष गरेको छ तर यथार्थ त्योभन्दा भिन्न छ। मुलुकको विकास र समृद्धिका लागि नतिजामुखी रूपमा युवाको परिचालन, सहभागिता र प्रतिनिधित्व हुन सकेको छैन। उनीहरूमा भएको ज्ञान, सिप र क्षमताको उच्चतम उपयोग गरी आर्थिक, सामाजिक लाभ लिन सकिएको छैन।

एकातिर कहालीलाग्दो संख्यामा युवा विदेश पलायन भइरहेका छन् भने अर्कातिर मुलुक दिनप्रतिदिन खाद्यान्नमा आत्मनिर्भरको अवस्थाबाट परनिर्भरको अवस्थातिर लम्किरहेको छ। हिजो आफूले उपभोग गरेर बाँकी रहेको खाद्यान्न निर्यात गर्ने मुलुक आज विदेशबाट आयात नगरी खान नपुग्ने अवस्थामा पुगेको छ यो पक्कै पनि दुःखको कुरा हो। संसारको कृषि कहाँबाट कहाँ पुगिसक्यो, हामी भने अझै परम्परागत र निर्वाहमुखी/गुजारामुखी कृषि प्रणालीबाट माथि उठ्न सकेका छैनौँ।

जनसंख्या बढेको छ, उपभोग बढेको छ तर उत्पादन बढेको छैन। त्यसैले हामी दिनप्रतिदिन परनिर्भर बन्दै गएका छौँ। एक अनौपचारिक स्रोतका अनुसार राज्यले दस रुपियाँ मूल्यबराबरको वस्तु आयात गर्दा जम्मा एक रुपियाँ बराबरको निर्यात गर्दछ। यसबाट प्रस्ट हुन्छ, राज्यसँग निर्यात गर्ने वस्तु युवा जनशक्तिबाहेक अरू खासै केही छैन। फेरि अर्कातिर मुलुक उच्च मूल्य भएका वस्तुहरू आयात गर्दछ भने निर्यात भने न्यून मूल्य भएका वस्तु। यसले निर्वाध रूपमा व्यापार घाटा बढाउने काम गर्छ।

वैदेशिक रोजगारीलाई केही समयका लागि आम्दानीको आधार बनाउन सकिए पनि यो मुलुकको अर्थतन्त्रको मेरुदण्ड कुनै पनि हालतमा बन्न सक्दैन र बनाउनु पनि हुँदैन। मुलुकमा स्वरोजगारीको अवस्था उत्साहजनक नभएकाले नेपालले वैकल्पिक रोजगारीको उपाय खोज्नु जरुरी छ, जसले वैदेशिक रोजगारीलाई उल्लेखनीय रूपमा विस्थापन गरोस् अर्थात् मुलुक र युवा जनशक्तिलाई लाभ पुगोस्। हामीभन्दा धेरै पहिलेदेखि (सन् साठीको दशकदेखि) आफ्ना युवा जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउने अभ्यास गर्दै विप्रेषणबाट प्राप्त आम्दानीले अर्थतन्त्र चलाउँदै आएको पूर्वी एसियाली मुलुक फिलिपिन्सको जापान, कोरिया, सिङ्गापुरको तुलनामा खासै विकास र समृद्धि भएको छैन।

त्यस्तै मेक्सिकोका अत्यधिक युवा जनशक्ति वैदेशिक रोजगारीका लागि अमेरिका र क्यानडामा छन्, उनीहरूले पठाएको विप्रेषणको रकमले मेक्सिकोले पनि खासै प्रगति गर्न सकेको छैन। नेपालको सन्दर्भमा पनि यही कुरा लागु हुन्छ। वैदेशिक रोजगारीमा गएका नेपाली युवा कि त खाडी मुलुकमा छन् कि त मलेसियामा छन् र अन्य मुलुकमा त्यति उल्लेखनीय संख्यामा छैनन् भन्दा पनि हुन्छ। वैकल्पिक ऊर्जा र नयाँ नयाँ प्रविधिको प्रयोग बढ्दै गइरहेको अवस्थामा यदि तेलको भाउ घटेर होस् वा अन्य कारणले होस्, खाडी र मलेसियामा आर्थिक मन्दी आयो भने नेपाली युवा सबै फर्कनुपर्ने अवस्था आउँछ। त्यो अवस्थामा यहाँ पर्याप्त रोजगारी छैन, तिनीहरूलाई राज्यले कसरी व्यवस्थापन गर्ने ?

आज कृषिप्रधान देश कृषिजन्य वस्तुमै परनिर्भर हुनु दुःखको कुरा हो। जबसम्म मुलुक खाद्यान्न, तरकारी र फलफूल जस्ता भान्सामा नभई नहुने आधारभूत वस्तुमा समेत आत्मनिर्भर हुँदैन, तबसम्म विकास र समृद्धि धेरै परको कुरा हुन्छ। उत्पादनमा संलग्न हुनुपर्ने मुख्य जनशक्ति बिदेसिँदा उत्पादन कम हुनु अनौठो कुरा भएन भने कृषि पेसा स्वदेशमै रहेका युवाको रोजाइमा समेत परेन। अर्कातिर पढेलेखेको शिक्षित जनशक्तिले कृषि कर्म गर्नै हुँदैन भन्ने एक खालको भाष्य स्थापित हुँदै गएको छ हाम्रो समाजमा ! विदेशी मुलुकमा उच्च शिक्षा हासिल गरेका व्यक्ति व्यावसायिक कृषिमा लागेका भए पनि हामीकहाँ भने त्यो परि स्थिति रहेन। यसले एकातिर बेरोजगारी बढायो भने अर्कातिर उत्पादनमा असर पुग्न गयो।

बदलिँदो सामाजिक आर्थिक परिवेशमा परम्परागत खेती/कृषि प्रणालीबाट जीवन निर्वाह गर्न कठिन हुँदै गएको, कृषिको आयस्रोतले मात्र कृषक परिवारका आधारभूत आवश्यकता पूरा हुन गाह्रो हुँदै गएको अवस्थामा कृषि पेसाले युवा जनशक्तिलाई आकर्षण कम विकर्षण बढी गरेको देखियो। अर्कातिर कृषि पेसामा संलग्न हुनेहरूले अन्य पेसामा लाग्नेहरूले भन्दा ज्याला कम पाउने कारणले गर्दा पनि यो पेसा अधिकांशको रोजाइमा परेन। युवामाझ बिरानो मुलुकमा जस्तो पनि काम गर्न तयार हुने तर त्यही कामलाई स्वदेशमा तल्लो स्तरको देख्ने दृष्टिकोण यथावत् छ। करेसाबारी बाँझो राखेर बजारबाट गोलभेँडा र धनियाँ प्लास्टिकमा किनेर ल्याउने बानी नसुध्रिएसम्म कसरी कृषिमा आत्मनिर्भर बन्ला नेपाली समाज ? अहिले अधिकांशमा कामभन्दा आराम बढी खोज्ने प्रवृत्ति हुर्कंदै गएको छ। जबसम्म कृषि पेसा मर्यादित हुँदैन, तबसम्म आयातमुखी अर्थव्यवस्था सुध्रने सम्भावना हुँदैन। किसानलाई सानो देख्ने र त्यही किसानको उत्पादनलाई अस्वाभाविक नाफा राखेर बिक्री गर्ने बिचौलिया एवं व्यापारीलाई ठुलो देख्ने समाजको चस्मा परिवर्तन नभएसम्म मुलुकको सामाजिक-आर्थिक विकास सम्भव छैन।

दैनिक उपभोग्य वस्तु जस्तै खाद्यान्न र तरकारीमा भारतमाथि निर्भर हुनु परेको अवस्था छ भने फलफूलमा भारतका साथै चीनसँग पनिनिर्भर हुनु परेको अवस्था छ। मुलुकमा उत्पादन कम हुने र आयातमा बढी भरपर्दा यसले मुलुकमा खाद्य असुरक्षाका साथै खाद्य संकटको अवस्थासमेत निम्त्याउन सक्छ। उत्पादन र विकासनिर्माणको काममा युवालाई प्रोत्साहित गर्दै संलग्न गराउन सकियो भने आयात घटी मुलुक आत्मनिर्भर बन्न सक्छ। व्यापारलाई विविधीकरण गर्दै कुनै एउटा खास देशमाथिको निर्भरतालाई कम गर्दै लैजानु पर्छ। खुलाबजार र उदारीकरणको युगमा आयात र निर्यातबिच सन्तुलन कायम गर्न सकिएन भने परनिर्भरता बढ्दै सापेक्षिक आत्मनिर्भरता कायम गर्न सकिन्न। यसका लागि त्यही अनुसारको नीति, कार्यक्रम र योजना ल्याउन जरुरी हुन्छ।

अहिले देशको अर्थतन्त्र विप्रेषणबाट प्राप्त हुने विदेशी मुद्रा र आयातित वस्तुमा लाग्ने भन्सार दस्तुरबाट चलेको छ अर्थात् सरकार आयातित उपभोग्य वस्तुमा कर लगाएर साधारण खर्च धानिरहेको छ। पुँजीगत खर्च गर्न नसकिरहेको अवस्था छ। अर्थतन्त्रको आकारलाई विस्तार गर्दै युवा जनशक्तिलाई स्वदेशमै पर्याप्त

❖ बाँकी तेस्रो पृष्ठमा

झापाका भीआइपीहरुले खाए हात्तीपाइलेको औषधि

बिहेमा नाच्ने विषयलाई लिएर कुटाकुट, दुईजना घाइते

झापा(प्रस) । मोरङको जहदा गाउँपालिका-२ हरिनगरा टोलस्थित एउटा बिहे घरमा शुक्रबार बिहान कुटाकुट भएको छ । विजय राजभरको छोरीको बिहे चलिरहेका बेला जन्ती पक्ष र घरगाउँलेबीच विवाद हुँदा बिहानको २:३० बजेतिर घटना भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्र बस्नेतले बताए ।

उनका अनुसार घटनामा परी एक बालकसहित दुईजना घाइते भएका छन् । घाइते हुनेमा जहदा-२ का ३५ वर्षीय भविष गिरी र १५ वर्षीय अवदेश राजभर रहेका छन् । घाइते दुवैजना घरगाउँले हुन् । जन्ती आएका युवाको आक्रमणबाट उनीहरु घाइते भएको प्रहरीले जनाएको छ ।

घाइतेमध्ये भविषलाई उपचारका लागि विराटनगरको नोबेल शिक्षण अस्पताल पठाइएको डीएसपी बस्नेतको भनाइ छ । उनको ढाडमा गहिरो चोट छ । अवदेश सामान्य उपचारपछि घर फर्किएका छन् । दुवैजनामाथि हतियार प्रहार भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

घटनाको प्रकृति र घाइतेको चोटको अवस्था हेर्दा हतियार प्रहार गरेजस्तो देखिने बस्नेतले बताए । घटनामा संलग्न जहदा-५ का २१ वर्षीय कृष्ण सिंहलाई इलाका प्रहरी कार्यालय रानीका इन्स्पेक्टर सन्दीप बेलबासे नेतृत्वको टोलीले नियन्त्रणमा लिएको छ ।

सिंह जहदा-५ बाट बिहे घरमा जन्ती गएका थिए । बिहेमा नाच्ने विषयलाई लिएर विवाद हुँदा कुटाकुट भएको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार घटनामा हतियार प्रहार भएको हो कि हैन भनेर यकिन गर्ने काम भइरहेको छ । घटनाको अनुसन्धान अघि बढाइएको डीएसपी बस्नेतले बताए ।

वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

डिभिजन वन कार्यालय, झापा सम्पर्क:
०२३४५२०५३, ९८५२६५५१८९

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला, भद्रपुर नगरपालिका वार्ड नं.७ स्थायी बसोबास भएका श्री प्रभुनाथ पोखेलका नाति श्री काली प्रसाद पोखेलका छोरा श्री बिनोद प्रसाद पोखेलको मिति २०८०/११/२० गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चन्द्रगढीमा रहेको बचत खाता नं.००३१०१०००२२१०६००००००२ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउ' भनी मृतककी श्रीमती सुनिता पोखेलले मिति २०८१/०१/०६ मा यस बैंकमा निबेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निबेदक बाहेक अन्य कसैको हकदाबी भए यो सुचना प्रकाशित भएको मितीले ३५ दिन भित्र सबुत प्रमाण सहित सम्बन्धित शाखामा हकदाबी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था ऐन २०७३ बमोजिम हुने तथा उल्लेखित म्याद भित्र रितपूर्वक हकदाबी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा समेत यसै सूचनाद्वारा संबन्धित सबैमा जानकारीको लागि सूचित गरिएको छ

शाखा कार्यालय, चन्द्रगढी

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेशको

१५ दिने सूचना

सधियार पूर्व: श्री कुमार गुरुङ्गको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ७ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री जइन्द्र विमलीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

जग्गा रहेको स्थान	सिट नं.	कित्ता नं.	क्षेत्रफल	नक्सा दर्ता	सूचना प्रकाशित मिति	सर्जमिन मिति
बिर्तामोड नपा-३	१७९ ०१६०	१७३८	१६९.३०	२०८०/१२/१५	२०८०/१२/२२	२०८१/०१/०९

खाद्यान्न...

र उच्च ज्यालासहितको रोजगारी सिर्जना गरी स्वदेशमै राख्न सकियो भने उनीहरूले बिरानो मुलुकमा रोजगारीका लागि भौंतारिनु पर्दैन । अहिले निजी क्षेत्रको मनोबल खस्कँदै गएको अवस्था छ, यो क्षेत्रलाई उत्साहित गर्दै सबल, सुदृढ र लगानीमैत्री वातावरण सिर्जना हुन सक्यो भने युवालाई पर्याप्त रोजगारी यहीँ प्राप्त हुन्छ ।

उत्पादन बढ्छ, आयात घट्दै जान्छ र फलस्वरूप मुलुकको कुल गार्हस्थ उत्पादन उल्लेखनीय रूपमा बढ्न जान्छ । यहाँ स्वदेशी लगानीलाई प्रोत्साहन र विदेशी लगानीलाई आकर्षण गर्न सक्ने किसिमको वातावरण सिर्जना हुनु आवश्यक छ, जसले रोजगारी र उत्पादनमा सकारात्मक योगदान दिन सकोस् । यस सन्दर्भमा सरकार, सहकारी र निजी क्षेत्रको समन्वयात्मक भूमिका हुन सक्यो भने त झनै सुनमा सुगन्ध हुन्छ । यसका लागि सत्ता सञ्चालक, नीति निर्माता र राजनीतिक पार्टीका नेतृत्वमा स्पष्ट दृष्टिकोण, दृढ इच्छाशक्ति, स्वच्छ र इमानदार प्रयत्न जाग्नु आवश्यक हुन्छ । यसो भएमा मुलुकलाई विकसित, समुन्नत र समृद्ध बनाउन धेरै समय लाग्दैन ।

मुलुकको अर्थतन्त्रको अवस्था बिरामीको जस्तो छ, यसलाई जेनतेन विप्रेषणले कोमामा जानबाट रोकिदिएको छ । यसको स्थायी समाधान भनेको राज्यले उद्यम र उत्पादनलाई प्राथमिकतामा राख्नु पर्छ, युवा जनशक्ति निर्यात गरेर होइन, उनीहरूले उत्पादन गरेका वस्तु निर्यात गरेर आयको स्थायी स्रोत बनाउनु पर्छ । राज्यले रोजगारी नै सिर्जना गर्नेभन्दा पनि लगानीका लागि उपयुक्त वातावरण तय गरिदिने हो, सहज किसिमको नीति नियम बनाइदिने हो ।

हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

हात्तीपाइले रोगका लक्षणहरू



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

बिर्ता सेफ्टी तथा ढल सफाई।

सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष आज चिताएको कामले तीव्रता लिनेछ । परिश्रमअनुसार उपलब्धि पाइएला ।

वृष सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । अध्यापनमा प्रगति हुनेछ ।

मिथुन आजको दिनमा दिन भोजभतेरमा सहभागी हुनुपर्ला ।

कर्कट आज धर्मकर्ममा रुचि बढ्ने छ । शुभ समाचार सुन्न पाइएला ।

सिंह आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । मित्रताको बन्धन कसिने छ ।

कन्या मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । विचार पुर्याएर निर्णय लिनु राम्रो होला ।

तुला आज पारिवारिक प्रेम र सद्भाव बढेर जानेछ । रोकिएका कामहरू पुरा हुनेछन् ।

वृश्चिक आजको दिन मध्यम नै रहनेछ । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ ।

धनु जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

मकर आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् ।

कुम्भ शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।

मिन लामो समयदेखि रोकिएका अधुरा कामहरूको पुन योजना बन्नेछ ।